मिति २०८३/०५/१७ गतेको १०१ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

प्रस्तावहरु

१. गत बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. भदौ १० मा भोटेकोशी नदिमा आएको बाढीबाट प्रभावित सम्बन्धमा।

३. नगर प्रहरी कार्यविधि सम्बन्धमा।

४. सडक बोर्ड तर्फको योजना ठेक्का सम्बन्धमा।

५. नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल) बिक्री वितरण सम्बन्धमा।

६. जलवायु उत्थानशील खाद्यवालीको प्रर्दशन तथा प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।

७. विविध सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.१

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं.२

मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी र त्रिशुली नदीको तटीय क्षेत्रका बस्तीहरूमा आएको उच्च गति, बहाव र गेग्रान सहितको आकस्मिक बाढीले पुर्‍याएको अपूरणीय क्षति र प्राकृतिक विपद्को यस कठिन घडीमा ज्यान गुमाउनुहुने सम्पूर्ण बुबा-आमा, दाजुभाइ तथा दिदीबहिनीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस विनासकारी प्राकृतिक विपद्का कारण उत्पन्न विषम परिस्थितिमा पीडित तथा प्रभावित नागरिकहरुको उद्धार, राहत, उपचार तथा पुनःस्थापनाका लागि स्थानीय सरकारको तर्फबाट मानवीय सहयोग र ऐक्यवद्धता स्वरुप नगरपालिकाको विपद् व्यवस्थापन तर्फ विनियोजित रकम मध्ये रु १ लाख ५० हजार र राइनास नगरपालिकाको जनप्रतिनिधहरुले एक महिनामा प्राप्त गर्ने सेवा सुविधाको १० दिन वरावरको हुन आउने रकम नेपाल सरकार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग उपलब्ध गराउने।

निर्णय नं.३

राइनास नगरपालिका नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लाई स्वीकृत गर्ने।

निर्णय नं.४

सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंको च.नं. MIT/१८२, मितिः २०८३/०५/११ गते प्रकाशित सूचना अनुसार हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिएकाले प्रणालीको मर्मतसम्भार तथा सुधार कार्य भइरहेको अवस्थामा मिति २०८३/०५/११ गतेदेखि अर्को सूचना जारी नभएसम्म विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन भएको हुँदा राइनास नगरपालिका अन्तर्गत सडक बोडबाट स्वीकृत कार्यक्रम "मसार बोराङ खण्ड र हर्रबोट सालघारी बगुवा सडक" कार्यको म्याद पौष मसान्तभित्र रहेकोले समय सीमा भित्र योजना सम्पन्न गर्न प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्र, आशयपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी आवश्यक खरिद प्रक्रिया हार्डकपी मार्फत गर्ने।

खड्ग बहादुर गुरुङ

निर्णय नं.५

राइनास नगरपालिका क्षेत्र भित्र रहेका स्वीकृत IEE प्रतिवेदनले निर्दिष्ट गरेका नदिजन्य पदार्थ संकलन तथा बिक्री वितरणको लागि कायम २१ वटा घाटहरु मध्ये आ.ब. २०८२/८३ मा सम्झौता भई सम्झौता म्याद समाप्त भएका घाटहरु समेत समावेश गरी पुनः सम्पूर्ण घाटहरुको प्रतिवेदनमा तोकिएको परिमाण र प्रदेश आर्थिक ऐन, २०८३ ले तोकेको दररेटका आधारमा घाट अनुसारको सूचना नम्बर कायम गरी ठेक्का आव्हान गर्ने।

निर्णय नं.६

राष्ट्रिय प्रकृति संरक्षण कोष खुमलटार, ललितपुरको आर्थिक तथा प्राविधिक सहयोगमा "जलवायु उत्थानशील खाद्यवालीको प्रर्दशन तथा प्रवर्द्धन कार्यक्रम" यस नगरपालिकामा सञ्चालनको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष खुमलटार, ललितपुरसँग सम्झौता गर्ने।

निर्णय नं.७ विविधः

क. गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखराको च.नं. ८६, मिति २०८३/०५/०८ को पत्रानुसार राइनास नगरपालिकामा सञ्चालनमा रहेका र रहन सक्ने क्षेत्रहरुको मनोरञ्जन कर प्रदेश सरकारले तोके अनुसार संकलन गर्ने।

ख. आकस्मिक सडक मर्मत शीर्षकमा विनियोजन भएको रकम मध्येबाट प्रति वडा रु ५० हजारका दरले खर्च गर्ने साथै बाँकी हुने रकमले आवश्यकताको आधारमा सडक मर्मत गर्ने।

ग. यस नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी प्रारम्भिक प्रतिवेदन छलफल भयो। प्रारम्भिक प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत समय सीमा भित्र नै सम्बन्धित निकायमा पठाउने।

राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमप्रिङ्ली, लमजुङ गण्डकी प्रदेश, नेपाल

खड्ग बहादुर गुरुङ
नगर प्रमुख